# सडक पूर्वाधार बुलेटिन

## Road Infrastructure Bulletin

### यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन

वर्ष १ अङ्क १ असोज २०८२



बागमती प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

हेटौंडा, मकवानपुर

# शुभकामना

देश संघीयतामा गइसकेपछि प्रदेशको आर्थिक-सामाजिक विकासका लागि पूर्वाधार विकास गर्ने जिम्मेवारी प्रदेशले नै लिनुपर्ने सन्दर्भमा बागमती प्रदेशको पूर्वाधार विकासको नेतृत्व भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्दै आएको छ। विशेषगरी मन्त्रालयको सडक पूर्वाधारको नीति कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यका साथ स्थापित यातायात पूर्वाधार निर्देशनालयले प्रदेश सरकारको वर्गीकरण भित्र परेका प्रादेशिक लोकमार्ग तथा प्रादेशिक मार्गहरुको सम्बन्धमा निर्देशनालय आफैं र मातहतका पूर्वाधार विकास कार्यालयहरुले गरेको कार्यहरुलाई बुलेटिनमा उतार्न प्रयास गरेकोमा यसमा समावेश जानकारी तथा सूचनाहरुले जनमानस र सरोकारवालाहरुलाई समेत काम लाग्ने भएकाले यस प्रयासको लागि धन्यवाद ज्ञापन गर्दछु। आउने दिनमा भौतिक पूर्वाधार विकास मन्त्रालयले निर्माण गर्ने पूर्वाधारहरु जलवायुमैत्री र पहँचको लागि मात्र सडक नभएर उत्पादन र आर्थिक रुपान्तरणसँग जोड्ने कार्य गर्ने गरी अगाडि बढाउनु पर्नेछ। अन्त्यमा, सम्पूर्ण प्रदेशवासीलाई आउँदै गरेको चाडवाडहरु बडादशैं, नेपाल संवत(न्हूदँया भिन्तुना), दिपावली एवं छठ पर्वको शुभ अवसरमा शुभकामना व्यक्त गर्दछु।



माननीय डा. दिनेशचन्द्र देवकोटा

मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने कार्यहरू प्रति यातायात पूर्वाधार निर्देशनालय र मातहतका कार्यालयहरुको रुचि र विश्वासप्रति आभार व्यक्त गर्न चाहन्छु।मन्त्रालयको सडक पूर्वाधार सम्बन्धी नीति तथा समन्वयको आधारमा गत आर्थिक वर्षसम्म सम्पन्न गरिएका तथा निर्माणको चरण रहेका केही योजनाहरूको विवरण, फोटो र वार्षिक प्रगतिको संक्षेप प्रस्तुत गर्दै, निर्देशनालयले आफ्नो उत्साह र कार्यक्षमताको प्रदर्शन गरेको छ। म विश्वास गर्छु कि यो बुलेटिन मात्र सूचना दिने माध्यम नभई हाम्रो समर्पण र उत्तरदायित्वको परिचायक पनि हो। आगामी दिनमा पनि बागमती प्रदेशका नागरिकहरूलाई गुणस्तरयुक्त तथा दीगो पूर्वाधार उपलब्ध गराउन बिभागीय समन्वय, पूर्व योजना अनुरुपको समीक्षा एवं प्रशासनिक दृढताका साथ योगदान गरिरहनेछौं।



ईश्वर चन्द्र मरहट्टा

सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेशको समग्र विकासका लागि सुदृढ र दिगो यातायात पूर्वाधारको निर्माण अपरिहार्य छ। प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले जिल्लास्तरमा रहेका पूर्वाधार विकास कार्यालयहरूमार्फत सडक, पुल, झोलुङ्गे पुल लगायतका पूर्वाधार योजनाहरूको कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण गर्दै आएको छ।गत वर्ष मात्र हामीले ३८ वटा पुल निर्माण सम्पन्न गरेका छौं र केही निर्माणाधीन अवस्थामा छन्। यसका साथै, विभिन्न सडक आयोजनाहरूमा पनि उल्लेखनीय प्रगति हासिल गरिएको छ। यी उपलब्धिहरूले प्रदेशका नागरिकको दैनिक जीवनमा सहजता ल्याउनुका साथै आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पारेका छन्।यस बुलेटिनमार्फत हामीले सम्पन्न गरेका तथा निर्माणको चरण रहेका केही योजनाहरूको फोटोसहितको विवरण प्रस्तुत गरेका छौं, जसले हाम्रो कार्यको पारदर्शिता र जवाफदेहितालाई अझ सुदृढ बनाउने विश्वास लिएका छौं। आगामी दिनहरूमा पनि हामी प्रदेशका नागरिकको अपेक्षा अनुरूप गुणस्तरीय पूर्वाधार निर्माणमा प्रतिबद्ध रहनेछौं।



नविन कुमार सिंह

निर्देशक, यातायात पूर्वाधार निर्देशनालय, बागमती प्रदेश



# सडक पूर्वाधार बुलेटिन
# Road Infrastructure Bulletin

यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन
वर्ष १ अङ्क १ असोज २०८२

## सम्पादकीय

बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेशको भूगोल भित्र भौतिक पूर्वाधारहरुको निर्माण, सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्माण र सोको कार्यान्वयनका लागि बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार स्थापित संयन्त्र हो। मन्त्रालयको विभागीय स्तरको निकायको रुपमा रहेको यातायात पूर्वाधार निर्देशनालयले जिल्ला स्थित रहेको पूर्वाधार विकास कार्यालयहरुबाट हुने सडक, सडक पुल तथा झोलुङ्गे पुल जस्ता यातायात पूर्वाधारहरु सम्बन्धी कार्यहरुको सुपरीवेक्षण तथा अनुगमन मार्फत योजना, आयोजनाहरुको सफल कार्यान्वयका लागि समन्वय सम्बन्धी कार्य गर्ने गर्दछ। यसका साथै पूर्वाधार विकास कार्यालयहरु मार्फत योजना कार्यान्वयन हुने स्थलमा खटिने प्राविधिक देखि उक्त कार्यालयहरुको नेतृत्व गर्ने सि.डि.ई. सम्मका कर्मचारीहरुको कार्यसम्पादनमा निखार ल्याउन विभिन्न क्षमता अभिवृद्धिका अवसरहरुको सिर्जना गरी सोको सञ्चालन गर्ने पनि निर्देशनालयको भूमिका अन्तर्गत पर्दछ। यिनै भूमिकाहरुको सन्दर्भमा रहेर निर्देशनालयले गरेका कामकारबाहीहरु तथा पूर्वाधार विकास कार्यालयहरुले सम्पन्न गरेका एवं निर्माणको चरणमा रहेका योजनाहरु समेटिने गरी जानकारीमूलक बुलेटिन निर्देशनालयले तयार पारेको छ।

## यातायात पूर्वाधार निर्देशनालयको परिचय

यातायात पुर्वाधार निर्देशनालय बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहनेगरी बागमती प्रदेशको सडक, सडकपुल तथा झोलुङ्गेपुल समेतका यातायात पूर्वाधारहरुका आयोजना कार्यान्वयन तथा सञ्चालनको समन्वय तथा अनुगमन गर्ने, सो सम्बन्धी जनशक्तिको क्षमता विकास तथा अध्ययन अनुसन्धान गर्ने समेतका कार्यका लागि स्थापित निकाय हो। यस निर्देशनालय अन्तर्गत बागमती प्रदेशका १३ जिल्लामा सेवा दिने गरी देहायका संख्यामा कार्यालय तथा आयोजना सञ्चालित छन्।

१. पूर्वाधार विकास कार्यालयहरु (चितवन, धादिङ, नुवाकोट, रसुवा, ललितपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर) - ११
२. ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF)– १

## हाम्रा लक्ष्यहरु

प्रदेशको आर्थिक उत्थानको लागि सम्पूर्ण भौगोलिक क्षेत्रलाई समेट्दै दिगो रुपमा सडक तथा पुलको विकास गर्नु यस यातायात पूर्वाधार निर्देशनालयको प्रमुख उद्देश्य हो । यातायात पूर्वाधार निर्देशनालयले देहायका विषयलाई प्राथमिकता दिई बागमती प्रदेशमा सडक सञ्जालको विकास गर्नेछ ।

क. सडक मर्मत संभारलाई विशेष प्राथमिकता दिइ सडक सञ्जाललाई प्रभावकारी बनाइ राख्ने।

ख. प्रदेश सदरमुकामदेखि जिल्ला सदरमुकाम र स्थानीय तहको केन्द्रसम्मको सडक सञ्जाल गुणस्तरयुक्त बनाउने ।

ग. प्रादेशिक सडक सञ्जाललाई सुधार गरी सर्वयाम सडकको रुपमा विकास गर्दै यात्राको लागि सुरक्षित भरपर्दो र कम खर्चिलो बनाउने ।

घ. प्रदेशको समष्टिगत सामाजिक तथा आर्थिक विकासको लागि एकिकृत यातायात प्रणालीको निर्माण गर्ने ।

## यातायात पूर्वाधार निर्देशनालयको कार्यविवरण

- प्रदेशभित्रका प्रादेशिक सडक, प्रदेश लोकमार्ग, ग्रामीण सडक तथा सडकपुल, झोलुङ्गेपुल, रज्जुमार्ग लगायतका आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, अनुगमन, कार्यान्वयन, सुपरीवेक्षण, नियमन गर्ने गराउने।
- तालुक मन्त्रालय एवं सम्बन्धित निकायसँग समन्वय गरी सडकपुल, रज्जुमार्ग सम्बन्धी आयोजनाहरु निर्माणमा आवश्यक समन्वय गर्ने/गराउने।
- निर्देशनालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्रविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तर बारे पृष्ठपोषण लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परमर्श पेश गर्ने/गराउने।
- विद्यमान ऐन, नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नुपर्ने भएमा राय, प्रतिक्रिया सहित तालुक मन्त्रालयमा पेश गर्ने।
- निर्देशनालय र मातहतका कार्यालयहरुलाई सुम्पिएको कार्य गर्न, गराउन नीति निर्देशन दिने।
- निर्देशनालय र मातहतका कार्यालयहरुबाट हुने कार्यहरुको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्यांकन गर्ने।
- सडक मर्मत संभार तथा पुल लगायतका आयोजनाहरुको बजेट तथा कार्यक्रम तर्जुमाको लागि तालुक मन्त्रालयमा पठाउने।
- सडक मर्मत संभार तथा पुल लगायतका आयोजनाको प्राथमितकता सूची तयार गरी सोही अनुरुप कार्यक्रम बनाउने तथा कार्यान्वयन गराउने।
- निर्देशनालय र अन्तर्गतका कार्यालय अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लागि जनशक्ति प्रक्षेपण एवं क्षमता अभिवृद्धि तालिम सम्बन्धी कार्य गर्ने/गराउने।
- निर्माण, मर्मत संभार सम्बन्धी डकुमेन्टहरु तर्जुमा तथा अद्यावधिक गर्ने कार्य गर्ने/गराउने।

सडक पूर्वाधार बुलेटिन
Road Infrastructure Bulletin
यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन
वर्ष १ अङ्क १ असोज २०८२

## यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालयहरु तथा विभिन्न आयोजना कार्यालयहरु मार्फत कार्यान्वयन गरिएका केही सम्पन्न तथा निर्माण चरणमा रहेका सडक तथा सडक पुलहरु

## पूर्वाधार विकास कार्यालय, चितवन





१. पहिले प्रादेशिक मार्ग र वर्तमानमा सडक विभाग मातहतको भरतपुर रिङरोडको रूपमा रहेको "सिसवार सिसही बनकट्टा भगनी नमुना चोक पिपरा सडक" को कुल ४४ कि.मि. मध्येको ८.५ कि.मि. खण्ड कालोपत्रे गर्ने कार्य आ.व. २०८०/८१ मा बागमती प्रदेश सरकार मार्फत निर्माण सम्पन्न भएको छ।

यो सडक नारायणघाट, मेघौली, शिवनगर जोड्ने भरतपुर रिङरोडको रुपमा रहेको सडक हो। यस सडकले बजार केन्द्रहरु जोड्दै स्थानीय बासिन्दाहरुको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनुका साथै सवारी आवतजावतमा सहयोग पुऱ्याएको छ।




२. कालिका-५ र भरतपुर-११ जोड्ने भरतपुर-शक्तिखोर सडक खण्डमा पर्ने ७० मि. लामो Prestress पुल **"खगेरी खोला कमिनिघाट पक्की पुल"** आ.व. २०८१/०८२ मा सम्पन्न भएको हो। यस सडकपुल सञ्चालनमा आए सँगै यातायातको सुविधाका कारण स्थानीय बासिन्दाहरुलाई भरतपुर म.न.पा. र कालिका न.पा. अवतजावतमा सहज पुऱ्याएको छ ।

## पूर्वाधार विकास कार्यालय, धादिङ



१. प्रादेशिक मार्ग "शिखरकोट दामन डाँडाबास दामगाडे महादेववेशी सडक(PR-BG-146)" को कुल लम्बाई ३८ कि.मि. रहेकोमा धादिङ जिल्लामा पर्ने डाँडाबास दामगाडे महादेवशी खण्ड अन्तर्गतको ६.५ कि.मि. कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।


धादिङ थाँक्रे गा.पा. ३ महादेववेशी देखि मकवानपुरको थाहा न.पा. ७, ८ हुँदै डाँडाबास दामगाडे मकवानपुरसम्म २ पालिकालाई जोड्ने गरी यो सडक निर्माण भएको छ। यस सडकले धादिङ र मकवानपुरसम्मका स्थानीय बासिन्दाहरुलाई सवारी साधन आवत-जावतमा सुविधा पुऱ्याउनुको साथै स्थानीय विकास र रोजगारीमा समेत ठूलो सहयोग पुऱ्याएको छ।

२. प्रादेशिक मार्ग मलेखु कुडुले ताल्ती सिमटार जरुङ बैकुण्ठ सडक(PR-BG-129) को कुल लम्बाई ३४ कि.मि. रहेकोमा मलेखु खोला कुडुल्ले ताल्ती सडक खण्ड अन्तर्गतको बेनीघाट रोराङ २,३ धादिङमा पर्ने ५.३५ कि.मि. कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको छ र २.५ कि.मि. निर्माणको चरणमा रहेको छ।





धादिंगको बेनिघाट रोराङ गा.पा. को १, २, ३ र ४ वडाहरुलाई जोड्दै यो सडक निर्माण भएको छ। यस सडकले धादिङमा पर्ने राष्ट्रिय राजमार्ग समेत जोडिएको हुँदा उल्लेखित वडाहरुको स्थानीय बासिन्दाहरुलाई सवारी साधन आवतजावतमा सहज सुविधा पुऱ्याउनुको साथै स्थानीय विकास र रोजगारीमा टेवा पुऱ्याएको छ। साथै यस सडकले त्यस क्षेत्रमा सञ्चालित ठूला उद्योगहरुलाई समेत ढुवानीमा सहजता प्रदान गरेको छ।



३. प्रादेशिक मार्ग धादिङबेशी सान्कोश तिप्लिङ सोमदाङ गतलाङ्ग स्याफ्रुवेशी सडक(PR-BG-64) को कुल लम्बाई १२८ कि.मि. रहेकोमा धादिङ्गमा पर्ने १०५ कि.मि. मध्ये धादिङबेशी सान्कोश तिप्लिङ सडक खण्ड अन्तर्गतको १६.२ कि.मि. खण्ड कालोपत्रे गर्ने कार्य भइरहेको छ। यस सडकलले धादिङको सदरमुकाम नीलकण्ठ न.पा. हुँदै नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, खनियावास र रुभिभ्याली गा.पा. गरी ५ पालिका जोड्दछ। यसले पर्यटन तथा व्यापारिक क्षेत्रहरुलाई समेट्दै स्थानीय बासिन्दाहरुलाई सवारी साधन आवतजावतमा सुविधा पुऱ्याउनुका साथै स्थानीय विकास र रोजगारीमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। यो सडक मानव विकास सूचकाङ्कमा बागमती प्रदेशभरी सबैभन्दा पछाडी रहेको रुवीभ्याली गा.पा. को एकमात्र Life Line सडकको रुपमा समेत रहेको छ।




सडक पूर्वाधार बुलेटिन
Road Infrastructure Bulletin
यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन
वर्ष १ अङ्क १ असोज २०८२


# पूर्वाधार विकास कार्यालय, मकवानपुर

१. प्रादेशिक मार्ग फर्पिङ्ग हुमाने फाखेल कुलेखानी सडक(PR-BG-१५६) को कुल लम्बाई २५.५ कि.मि. रहेकोमा मकवापुर जिल्लामा पर्ने १५.५ कि.मि. मध्ये १२.६ कि.मि. कुलेखानी हुमाने भञ्याङ खण्ड निर्माणको अन्तिम चरणमा रहेको छ।





संघिय राजधानी काठमाण्डौ र बागमती प्रदेश राजधानी जोड्ने प्रादेशिक सडकहरु मध्ये यो एक प्रमुख सडक हो। यसले मुख्यतः मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही जिल्लाहरूबाट काठमाण्डौ जान/आउन सहज बनाउनका साथै पूर्वी नेपाललाई काठमाण्डौ जोड्ने वि.पी. राजमार्ग र कान्तिलोकपथको बिकल्प पनि दिन्छ। ऐतिहासिक रुपमा महत्वपूर्ण इन्द्रसरोवर गा.पा. मा पर्यटकिय स्थलहरु पनि रहेकोमा यस सडक आयोजनाले पर्यटनमा साथै गाँउपालिकाको चौतर्फी विकासमा टेवा पुग्ने देखिन्छ।





२. हेटौंडा उ.प.न.पा.-१९ तथा मनहरी-३ लाई जोड्ने बस्तिपुर भुन्द्रुङ्ग जोड्ने सडकमा पर्ने १७० मि. लम्बाईको Pre Stress Concrete Bridge – राप्तिखोला पुल निर्माणको अन्तिम चरणमा रहेको छ। यस पुलले हेटौडाको बस्तीपुर देखि मनहरीको भुन्द्रुङ्ग लगायत अन्य नजिकको बस्तीहरुको आवागमनलाई सहज बनाएको छ।यस पुलले गर्दा मनहरी वडा न. ३ मा अवस्थित वडा कार्यालय, हाडीखोला स्वास्थ्यचौकी, प्राथमिक तथा माध्यमिक विद्यालयहरुको पँहुच सहज भएको छ। यस्तै मनहरी-३ मा निर्माणधीन कोल्डस्टोर भवनको सहज पँहुचले भविष्यमा कृषिजन्य सामाग्री ओसार पसारमा पनि फाइदा पुग्नेछ।

सडक पूर्वाधार बुलेटिन

Road Infrastructure Bulletin


यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन

वर्ष १ अङ्क १ असोज २०८२


# पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक



१. त्रिपुरासुन्दरी गा. पा. मा पर्ने २५ मि. लम्बाईको RCC T-Girder Bridge **"टुंसी - पिस्कर जोड्ने दाबी खोला पक्कि पुल"** आ.व. ०८१/०८२ सम्पन्न भएको छ। यो पुलले सिमान्तकृत थामी समुदायको बस्तीलाई मुख्य सडक सञ्जालको पहुँच सुनिश्चित गर्दै उनीहरूको आवागमन सजिलो बनाएको छ। यसले थामी समुदायको दैनिकीमा ठुलो परिवर्तन ल्याउँदै शिक्षासँगै स्वास्थ्य सेवामा पहुँच, कृषि सामग्री ढुवानी तथा सार्वजनिक सेवा उपभोग गर्ने अवसरहरू सहज बनाएको छ। सडक सञ्जाल तथा पुल निर्माणले गाउँको कृषि उत्पादनहरूलाई नजिकैका बजारसम्म लैजान सजिलो बनाइदिने भएकाले कृषकहरूलाई उचित मूल्य प्राप्त गर्ने र बजार विस्तार गर्न सहयोग पुगेको छ। साथै, निर्माण तथा त्यसपछिका यातायात सेवामा रोजगारीका अवसरहरू सिर्जना भई स्थानीय जनताको आर्थिक अवस्था सुधार हुने देखिन्छ । समग्रमा, दाबी खोला पक्कि पुलले यस क्षेत्रको विकास, समावेशी पहुँच, तथा पछाडि परेका समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्नेछ।





२. प्रादेशिक मार्ग छापभन्ज्याङ ठाँटी पोखरी फट्केश्वर सडक(PR-BG-054) को कुल लम्बाई १०.२ कि.मि. रहेकोमा यस अन्तर्गतको ४.५० कि.मि. खण्ड कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको छ र हालसम्म यस प्रादेशिक मार्गको ८.२ कि.मि. खण्ड पक्की सडकको रुपमा स्तरोन्नति भइसकेको छ।

मेलम्ची नगरपालिकामा रहेको यस आयोजना चौतरा, मेलम्ची र काठमाडौं जोड्ने सबै भन्दा छोटो बाटो हो । विगतमा माटे सडक भएकोमा हिउँदमा अधिक धुलो तथा बर्षामा हिलो हुने समस्या समाधान भई वातावरण मैत्री तथा सडक दुर्घटना कम हुने,

सहज यातायातको सहजताले यस क्षेत्रको शैक्षिक स्तरोन्नति, सामाजिक विकास, रोजगारीको आवसरमा वृद्धि, स्वास्थ्य सेवामा पहुँच, स्थानीय उत्पादनको बजारीकरण, पर्यटकीय स्थलहरूमा पहुँच, आर्थिक स्तरोन्नति सहित समग्र स्थानीय जीवन स्तरमा सुधार हुने देखिन्छ ।समग्रमा, छापभन्ज्याङ ठाँटीपोखरी फट्केश्वोर सडक आयोजनाले यस क्षेत्रको समग्र विकास, न्यायोचित पहुँच, तथा पछाडि परेका समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्नेछ।

# पूर्वाधार विकास कार्यालय, सिन्धुली



१. प्रादेशिक लोकमार्ग सिन्धुलीमाडी चकमके अरुणठाकुर कटारी सडक(PH-BG-007) को कुल लम्बाई ८१ कि.मि. रहेकोमा यस अन्तर्गतको १४.५६ कि.मि. खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको र हालसम्म यस प्रादेशिक लोकमार्गको १८ कि.मि. खण्ड पक्की सडकमा स्तरोन्नति भइसकेको छ।

यस सडकले बि.पि. राजमार्ग र तिनपाटन गा.पा. केन्द्रलाई जोड्छ र त्यहाँको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ।साथै यो सडकले उदयपुर जिल्ला र सिन्धुली जोडी अन्तर जिल्ला आवतजावतमा समेत सहयोग पुऱ्याउँछ।



२. आ.व. २०८१/८२ मा पिपलभञ्ज्याङ हायुटार रामपुर सडक १३ कि.मि. कालोपत्रे गरी घ्याङलेख गा.पा. मा पर्ने ४० मिटर लामो PSC T-Girder Bridge –ठँडीखोला पुलको निर्माण सम्पन्न गरिएको छ।
यस पुलले घ्याङलेख गा.पा.को केन्द्र बजार र बि.पी. राजमार्गलाई जोड्छ जसले गर्दा घ्याङलेख गा.पा.को कार्यालय आवतजावत गर्न तथा पालिकामा उत्पादन हुने खाद्यान्न तथा तरकारी नजिकको बजार सम्म पुऱ्याउन सहज भएको छ। मानव विकास सूचकाङ्कमा पछाडि परेको यस गा.पा. को विकासको लागि यो सडक कोशेढुङ्गा सावित भएको छ।

३. प्रादेशिक मार्ग चिसापानी डकाहा नवलपुर कोलान्जोरघाट साँघुटार लिखु कोरिडोर सडक (PR-BG-००९) को कुल लम्बाई ११९ कि.मि. रहेकोमा सिन्धुली जिल्लामा पर्ने ५२ कि.मि. मध्ये ८.५ कि.मि. नवलपुर बाहुन तिप्लुङ चिसापनी सडक, नवलपुर-लुम्ती खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।



यस सडकले मध्य पहाडी राजमार्गसँग फिक्कल गाउँपालिका को भित्री बस्तीहरुलाई जोड्छ। यसले फिक्कल गा.पा.मा उत्पादन हुने खाद्यान्न तथा तरकारी नजिकको बजार सम्म पुर्‍याउन सहयोग गर्नुका साथै स्थानीयहरुलाई सवारी आवतजावतमा समेत सहयोग गरेको छ।

## पूर्वाधार विकास कार्यालय, रामेछाप







१. प्रादेशिक मार्ग चिसापानी डकाहा नवलपुर कोलान्जोरघाट साँघुटार लिखु कोरिडोर सडक (PR-BG-००९) को कुल लम्बाई ११९ कि.मि. रहेकोमा रामेछाप जिल्जामा पर्ने ६७ कि.मि. मध्ये ४ कि.मि. कोलान्जोरघाट साँघुटार खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको र साँघुटार देखि लिखु खोला सम्म ६ कि.मि. खण्डको कालोपत्रे स्तरमा स्तरोन्नतिको कार्य पनि चलिरहेको छ।

यस सडकले विपी लोकमार्ग तथा मध्यपहाडी लोकमार्गलाई रामेछाप नगरपालिकाको भुगोल हुँदै रामेछाप जिल्लाको लिखुतामाकोशी तथा उमाकुण्ड गाउँपालिका एवं ओखलढुङ्गा, सोलुखुम्बु जिल्ला जोडी आवतजावतमा सहजता ल्याएको छ।



२. प्रादेशिक लोकमार्ग खिम्ती रस्नालु जिरी सडक(PH-BG-017) मा पर्ने लिखुतामाकोशी-६ र गोकुलगंगा-६ गा.पा. जोड्ने ४५ मि. लामो PSC Girder Bridge "छतिवने खोला पुल" आ.व. २०८१/८२ मा सम्पन्न भएको छ।

यो पुल विपी लोकमार्ग, रामेछाप सदरमुकाम मन्थली र दोलखा सदरमुकाम जोड्ने उक्त प्रादेशिक लोकमार्गमा पर्ने महत्वपूर्ण सडकपुल भएकाले सवारी आवतजावतमा सहयोग पुऱ्याएको छ। साथै यस सडक पुल निर्माण पश्चात रामेछाप जिल्लाको गोकुलगंगा गा.पा. र उमाकुण्ड गा.पा. सहित सोलुखुम्बु र ओखलढुङ्गा भेगका पश्चिमी क्षेत्रका मानिसहरुको आवजतावतमा समेत सहजता ल्याएको छ।



३. प्रादेशिक मार्ग हल्दे धोबी ढाडे शिरिसे सडक (PR-BG-091) को लम्बाई ३४ कि.मि. रहेकोमा यस अन्तर्गतको ४ कि.मि. खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको र हालसम्म यस प्रादेशिक मार्ग ७.५ कि.मि. कालोपत्रे स्तरमा स्तरोन्नति भइसेको छ। साथै थप ३ कि.मि. खण्ड कालोपत्रे स्तरमा स्तरोन्नति गर्नका लगि कार्य पनि भइरहेको छ।

यो सडक मन्थली नगरपालिका र लिखुतामाकोशी गाउँपालिका जोड्ने महत्वपूर्ण सडक भएकाले मन्थली बजार सम्म लिखुतामाकोशी गा.पा.का कृषि उत्पादन मन्थली बजार सम्म पुऱ्याउन तथा स्थानीय बासिन्दाहरुको सवारी आवतजावतमा सहजता ल्याएको छ।


# पूर्वाधार विकास कार्यालय, रसुवा





१. प्रादेशिक मार्ग धारापानी भदौरे रुप्सेपानी जिबजिबे आलेडाँडा सडक (PR-BG-066) को कुल लम्बाई ११ कि.मि. रहेकोमा यस अन्तर्गतको कालिका गा.पा. ३, ४ र ५ मा पर्ने १० कि.मि. खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

यस सडकले कालिका गाउँपालिकाका वडाहरु बीच सडक सञ्जाल विस्तार गरी स्थानीय बासिन्दाहरुको सवारी आवतजावतमा सहयोग पुऱ्याउने देखिन्छ।

२. प्रादेशिक मार्ग जिरो किलो अम्बास भोर्ले पाच्याँग यार्सा डोकलांग सडक(PR-BG-038) कुल लम्बाई ३१ कि.मि. रहेकोमा यस अन्तर्गत नौकुण्ड-३, ५ र ६ मा पर्ने ८.५ कि.मि. खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको छ। साथै यस सडकको थप ६ कि.मि. खण्डमा स्तरोन्नतिको कार्य पनि भइरहेको छ।

यसले नौकुन्ड गाउपालिका केन्द्रलाई मुख्य राजमार्ग बाट जोड्दछ। साथै यस सडकले कृषि तथा पर्यटनलाई सहयोग पुऱ्याउँदै त्यस क्षेत्रका स्थानीयको जीविकोपार्जनमा टेवा पुऱ्याउने देखिन्छ।

# पूर्वाधार विकास कार्यालय, दोलखा






१. प्रादेशिक मार्ग सिद्धकोथान जुगु झ्याकु तिनेखु सडक(PR-BG-207) अन्तर्गत पर्ने ३०.६० मि. लामो RCC Steel Plate Girder प्रकारको "झ्याकु खोला पक्की पुल" आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।

यस पुलले बैतेश्वर गा.पा. -५ को मैनापोखरी बजार र गौरीशंकर गा.पा. वडा नं. १, २, ३, ४ र ५ हरुलाई जोडी त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई बजारको पहुँचमा सहयोग पुऱ्याएको छ।




२. प्रादेशिक मार्ग चरिकोट देउराली कालिन्चोक सडक(PR-BG-045) को कुल लम्बाई १८.२ कि.मि. रहेकोमा यस अन्तर्गत भिमेश्वर न.पा.को वडा नं. १ र ७ मा पर्ने ५ कि.मि. चरिकोट कालिन्चोक टुःटुवान विगु देउराली कुरी खण्ड कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको र हालसम्म यस प्रादेशिक मार्गको १० कि.मि. खण्ड स्तरोन्नति भइसकेको छ। साथै थप ८ कि.मि. खण्ड स्तरोन्नतिको कार्य चलिरहेको छ।

यो सडकले धार्मिक तथा पर्यटकीय स्थल कालिन्चोक मन्दिरलाई मुख्य सडकसँग जोड्ने हुनाले पर्यटकीय मार्गको रुपमा त्यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याएको छ।



३. प्रादेशिक मार्ग सुनखानी साङ्वा विगु गुम्बा सडक(PR-BG-१८६) को कुल लम्बाई ४९ कि.मि. रहेकोमा यस अन्तर्गतको १५.०६ कि.मि. खण्ड Asphalt Concrete/Rigid Pavement स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको र हालसम्म यस प्रादेशिक मार्गको जम्मा १८ कि.मि. खण्ड स्तरोन्नति भइसकेको छ।





यस सडकले कालिन्चोक गाउँपालिकाको वडा नं. ३, ४, ५ र ६ का बसोबास क्षेत्र तथा वडा कार्यालयहरु जोड्दै दोलखा जिल्लाको उत्तरी क्षेत्रका कालिन्चोक र बिगुँका बस्तिहरुबाट सदरमुकाम सम्म आउजाउमा लागि सहज बनाएको छ।

## पूर्वाधार विकास कार्यालय, काभ्रे





१. प्रादेशिक मार्ग हवेली सापिङ्ग सिम्थली बेघ सिम्ले बाफल सडक (PR-BG-०९४) को कुल लम्बाई २३ कि.मि. रहेकोमा यस अन्तर्गतको ३.७५ कि.मि. खण्ड Asphalt/RCC Rigid Pavement Road स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको छ।





यस सडकले काभ्रेपलाञ्चोक जिल्ला र सिन्धुपाल्चोक जिल्लाको लिसंखु पाखर गा.पा. को ठोकर्पा जोड्नुका साथै भुम्लु गाउँपालिका भित्रका वडाहरुलाई पालिकासंग जोड्दछ।





२. श्रीखण्डपुर के.यु. सडकमा पर्ने २१.५० मिटर लामो RCC-Box Bridge "पून्यमाता खोला पुल" आ.व. २०८१/८२ मा सम्पन्न भएको छ।

यसले पनौती नगरपालिका र धुलिखेल नगरपालिका जोड्नुका साथै पनौती – श्रीखण्डपुर हुँदै धुलिखेल अस्पताल तथा काठमाडौं विश्वविद्यालय आवतजावतमा सहज बनाएको छ।

३. प्रादेशिक लोकमार्ग जनमुक्ति मार्ग PH-BG-013 (पिङथली भुमिचुली देविटार तालढुङ्गा सिक्रे दोभान झुरझुरे) को कुल लम्बाई ८४ कि.मि. रहेकोमा काभ्रेपलान्चोक जिल्लामा पर्ने ७१.६ कि.मि. मध्ये प्रदेश सरकारबाट ३८.७ कि.मि. सडक कालोपत्रे स्तरमा स्तरोन्नति भइरहेको, ९.७ कि.मि. सब-बेस स्तरमा स्तरोन्नति भइरहेको र ९ कि.मि. खण्ड सडक डिभिजन भक्तपुरबाट निर्माण भईरहेको छ। साथै मकवानपुर जिल्लामा पर्ने १२.६ कि.मि. मध्ये १०.५ कि.मि. खण्ड स्तरोन्नतिका लागि कार्य भइरहेको छ।

यस सडकले बि.पि. राजमार्गको मंगलटार नजिकको ठाउँ पिंगथलीबाट मदन भण्डारी राजमार्गको झुरझुरे सम्म जोड्ने भएकाले दुईवटा राजमार्ग र काभ्रेपलान्चोक जिल्लामा रोशी गा.पा., महाभारत गा.पा. केन्द्र देविटार, खानीखोला गा.पा. केन्द्र तालढुङ्गा र मकवानपुर जिल्लाको बागमती गा.पा. केन्द्र जोड्नुका साथै वर्षौं देखि पिछडिएको यस क्षेत्रको कृषि, पशुपालन तथा पर्यटकीय संभावनाहरु उजागर गर्नेछ।





# पूर्वाधार विकास कार्यालय, ललितपुर



१. कागेश्वरी मनोहरा नगरपालिका ७ र मध्यपुर थिमी नगरपालिका ७ जोड्ने ३५ मिटर लम्बाईको Pile Foundation, PSC Girder Bridge - **मनहरा खोला सडकपुल** आ.व. २०८१/८२ मा सम्पन्न भएको छ।

यो कागेश्वरी मनोहरा न.पा. र मध्यपुर थिमी नगरपालिका जोड्ने सडकपुल भएकाले कृषियोग्य जमिनमा पहुँच पुर्याउने, घाटमा अन्तिम संस्कारको लागि सहायता पुग्ने तथा नजिकै रहेको विद्यालयलाई समेत पहुँच पुऱ्याउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

२. प्रादेशिक मार्ग डेकोचा चाँगु न्याचापौवा मंगलटार साँखु सलम्वुटार सडक (PR-BG-062) को कुल लम्बाई ९ कि.मि. रहेकोमा यस अन्तर्गतको भक्तपुर नगरपालिका वडा नं.६ र १०, चाँगुनारायण नगरपालिका वडा नं.४ र ५ मा पर्ने विभिन्न चेनेजमा गरी ५.०० कि.मि. खण्ड Asphalt concrete/RCC Pavement स्तरमा आ.व. २०८१/८२ मा स्तरोन्नती गरिएको छ।






उक्त सडक भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका, चाँगुनायण नगरपालिका हुदै शंकरापुर नगरपालिका जोड्ने एउटा महत्वपूर्ण सडक रहेको छ। उक्त सडक विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर हुदै शंकरापुर

नगरपालिकाको महत्वपूर्ण धार्मिक स्थल शालिनदी सम्म पहुँच पुर्‍याउने भएकोले यस सडकको स्तरोन्नति पश्चात त्यस क्षेत्रको धार्मिक तथा पर्यटन क्षेत्रमा विकास हुनुको साथै उक्त क्षेत्रमा उत्पादित कृषि उत्पादनहरु वजारिकरण तथा विक्रि वितरण सहज हुने र स्थानियहरुको आर्थिक उन्नतिमा टेवा पुर्‍याई जिवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

३. प्रादेशिक लोकमार्ग बगुवा भ्यूटार आश्राङ गिम्दी खुर्मी मन्थली शिखरपुर हात्तिसुँडे सडक (PH-BG-००१) को कुल लम्बाई ४७ कि.मि. रहेकोमा यस अन्तर्गतको बागमती गा.पा. वडा नं. २ र ४ मा पर्ने पहिलो प्याकेज १० कि.मि. Premix concrete/RCC Pavement स्तरमा तथा बागमती गा.पा. वडा नं. ४ र ६ मा पर्ने दोस्रो प्याकेज ३.७० कि.मि. Asphalt concrete/RCC Pavement स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भई हालसम्म १३.७० कि.मि. सडक स्तरोन्नति भइसकेको छ। साथै यस सडकमा गिम्दी सम्म ५ कि.मि. खण्डमा Asphalt Concrete स्तरमा तेस्रो प्याकेज मार्फत निर्माण कार्य भइरहेको छ।

यस सडक ललितपुर जिल्लाको बागमती गाउँपालिकाबाट कान्ति लोकपथ हुँदै संघीय राजधानी जोड्ने महत्वपूर्ण सडक रहेकाले पालिकाका ग्रामीण क्षेत्रमा उत्पादित कृषि उत्पादनहरुको बजारीकरण तथा बिक्री वितरणमा सहजता पुर्‍याई स्थानीयहरुको आर्थिक अवस्था सुधार गर्न सहयोग पुर्‍याउने देखिन्छ। यस सडकलाई दक्षिण ललितपुरको ग्रामीण क्षेत्रको विकासको मेरुदण्डको रुपमा पनि हेरिएको छ।

# पूर्वाधार विकास कार्यालय, नुवाकोट




१. प्रादेशिक मार्ग सामरी कल्लाबारी पिखरीडाँडा परिनीति धुवाँकोट सडक (PR-BG-१६८) को कुल लम्बाई ११ कि.मि. रहेकोमा यस सडकको सम्पूर्ण खण्ड Asphalt Concrete स्तरमा कालोपत्रे गर्ने कार्य आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।

यस सडकले नुवाकोट र धादिङ जिल्ला सदरमुकाममा रहेको दुई महत्वपूर्ण आर्थिक केन्द्रहरु क्रमशः विदुर र निलकण्ठलाई जोड्छ। आर्थिक रुपले महत्वपूर्ण यस सडकको स्तरोन्नति संगै दुई जिल्ला बीचको आर्थिक गतिविधि प्रवर्द्धन गर्न सहयोग पुग्नेछ। विशेषगरी धादिङको उत्तरी तथा पूर्वी भेग र नुवाकोटको उत्तरी भेगको जनताको लागि नुवाकोट जिल्लाको सदरमुकाम विदुर आवतजावत सहज हुनुको साथै देशको राजधानी सम्मको पहुँच पनि छोटो बनाएको छ। यस सडकले नुवाकोट जिल्लाको म्यागङ गा.पा.-५ को सामरी, कल्लाबारी तथा धादिङ जिल्लाको निलकन्ठ न.पा.-१४ को धुवाँकोट, स्याउलेमा उत्पादित कृषि उपजलाई बजार प्राप्त गर्न सहज एंव लागत किफायत हुनेछ।



२. समुन्द्रटार शिखरबेशी घ्याङफेदी सडक अन्तर्गत दुप्चेश्वर-१, नुवाकोट घाँगफेदीमा पर्ने २५ मिटर लम्बाईको RCC T-Beam प्रकारको “ज्याँग खोला पुल” आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।


यस पुलले नुवाकोटको दुर्गम गाउपालिका मध्येको दुप्चेश्वर गा.पा. को दुर्गम बस्तीहरुमा सर्वयाम सडकको पहुँच पुर्याई यस भेगको जनताको शिक्षा, स्वाथ्य र ग्रामिण जीवनस्तर सुधारमा सकारात्मक प्रभाव पार्नेछ।

# प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना

प्रदेश लोकमार्ग अन्तर्गत रहेको राजधानी मार्ग(बल्खु छैमले कुलेखानी भैसें) –PH-BG-004 को कुल लम्बाई ६७ कि.मि. मध्ये ४४ कि.मि. पक्की सडकमा स्तरोन्नति भइसकेको र दक्षिणकाली न.पा. मा रहेको ७ कि.मि. खण्ड को निर्माण कार्य पनि अन्तिम चरणमा रहेको छ।यस आ.व. सम्ममा गत आ.व. को असोजमा आएको बाढी पहिरोले क्षतिग्रस्त भएको खण्ड मध्ये करिब १ कि.मि. खण्ड बाहेक सम्पूर्ण भाग स्तरोन्नति भइसक्ने देखिन्छ।

यस सडकले प्रदेश राजधानी हेटौंडा र संघीय राजधानी काठमाण्डौं को पहुँच सुरक्षित, भरपर्दो र किफायती बनाई यस क्षेत्रमा पर्ने बस्तीहरु जस्तैः दक्षिणकाली, छैमले, सिस्नेरी, कुलेखानी, देउराली, जुरिखेत, भीमफेदी, भैसे लगायतका स्थानीयको जीविकोपार्जनमा प्रत्यक्ष रुपमा सहयोग गर्ने तथा दक्षिणकाली मन्दिर, छैमले, कुलेखानी, मार्खु लगायतका क्षेत्रको पर्यटनमा समेत टेवा पुऱ्याउने देखिन्छ।







# ग्रामीण सडक संजाल सुधार आयोजना (RCIP-AF)

ग्रामीण सडक संजाल सुधार आयोजना, बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय अन्तर्गत स्थापित आयोजना हो, जसले प्रदेश सरकार र एशियाली विकास बैंकको ऋण अनुदानमा ग्रामीण क्षेत्रका सडकहरुको स्तरोन्नति तथा पुलहरू निर्माण गरिरहेको छ। हाल यस आयोजनाबाट मकवानपुर, सिन्धुली, काभ्रेपलान्चोक,

दोलखा, रामेछाप र चितवन गरी ६ जिल्लाहरुमा सडक तथा पुल निर्माणका कार्यहरु संचालित छन्। उक्त सडकहरु यसप्रकार छन्।

| क्र.सं. | सडकको तथा पुलको नाम | सडक पर्ने जिल्ला |
|---|---|---|
| १. | जगाडी धनसरी गणेशमान चारनाथ सडक | सिन्धुली |
| २. | हात्तिसुडे शिखरपुर अम्बास सडक, देउतीखोला पुल | मकवानपुर |
| ३. | फिसलिङ तोलाङ बासपुर मायाटार तेर्से उपरदाङगढी शक्तिखोर सडक | चितवन |
| ४. | दोलालघाट-फलाटे-कोलाती-ढाँडखर्क-चौरी गुँरासे गाल्वा मन्थली सडक | काभ्रे |
| ५. | नयाँपुल पवाटी डाँडाखर्क सडक (नयाँपुल पवाटी खण्ड) | दोलखा |
| ६. | लभुघाट बेथान सुनापती गा.पा. गल्पा दोरम्बा सडक | रामेछाप |

१. प्रादेशिक लोकमार्ग दोलालघाट-फलाटे-कोलाती-ढाँडखर्क-चौरी गुँरासे गाल्वा मन्थली सडक(PH-BG-010) को कुल लम्बाई ९४ कि.मि. रहेकोमा अन्तर्गत भूम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकमा पर्ने ६.४१५ कि.मि. "दोलालघाट फलाँटे खण्ड" Asphalt Concrete स्तरमा कालोपत्र गर्ने कार्य भइरहेको छ।


यस सडकले काभ्रेपलाञ्चोक जिल्लाको अरनिको राजमार्गमा अवस्थित दोलालघाटबाट मध्यपहाडी लोकमार्ग जोड्दछ। साथै यस सडक कोलाती डाँडाखर्क हुँदै रामेछाप जिल्लाको दोरम्बा गाउँपालिकको चौरीपोखरी जोडी दोरम्बा-गाल्पा-गोगनपानी हुँदै रामेछाप जिल्लाको सदरमुकाम मन्थलीलाइ समेत जोड्दछ। यस क्षेत्रका स्थानीय बासिन्दाहरूलाइ आवतजावतमा सहज सुविधा पुर्याउनुको साथै स्थानीय बिकास, रोजगारीको सिर्जनामा टेवा पुर्याउने र आर्थिक, सामाजिक क्षेत्रमा समेत सहयोग पुऱ्याउने छ ।




२. नयाँ पुल-पवटी-डाडाँखर्क सडक अन्तर्गत पर्ने ६.७९१ कि.मि "नयाँ पुल-पवटी खण्ड " Asphalt स्तरमा स्तरोन्नति भइरहेको छ।

यो सडक दोलखा जिल्लाको लामोसाँगु मन्थली राजमार्गमा अवस्थित तामाकोशी नयाँपुलबाट शुरू भइ मेलुङ गाउँपालिकाको प्रशासकिय केन्द्र सम्म पुग्दछ। कृषि उत्पादनको राम्रो सम्भावना बोकेको मेलुङ

सडक पूर्वाधार बुलेटिन
Road Infrastructure Bulletin
यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन
वर्ष १ अङ्क १ असोज २०८२

गाउँपालिकाको यस क्षेत्रमा अत्याधिक रूपमा सुन्तला तथा आलु उत्पादन हुने गरेको र उक्त उत्पादनलाई बजारसम्म सहजै बजारिकरण गर्न यस सडकले टेवा पुऱ्याउँछ । यस सडक गाउँपालिका केन्द्र सम्म जोड्ने महत्वपूर्ण सडक भएकोले प्रशासकीय कामकाजको लागि सेवाग्राहीहरूलाइ स्थानीय आवतजावतमा सहज सुविधा पुऱ्याउनुको साथै स्थानीय विकास, रोजगारीको सिर्जनामा टेवा पुर्याउने र आर्थिक, सामाजिक क्षेत्रमा समेत महत्वपुर्ण सहयोग पुऱ्याउने छ।

## यातायात पूर्वाधार निर्देशनालय

१. असोज ११ र १२ गतेको अविरल वर्षा पश्चात्को बाढीका कारण क्षतिग्रस्त भएको भीमफेदी-कुलेखानी-फाखेल सडकखण्डको कुलेखानी पुल रहेको स्थानमा अहिले अस्थायी प्रकृतिको बेलिब्रिज निर्माण गरिएको छ। भैसे भिमफेदी सडकखण्ड अन्तर्गत पर्ने माण्डु खोला र घट्टे खोलाका प्रयोगविहीन रेहका बेलिब्रिजहरु कुलेखानीमा स्थानान्तरण गरी तीन महिनामा नै बेलिब्रिज तयार गरिएको हो। प्रादेशिक लोकमार्गको रुपमा रहेको राजधानी मार्ग-PH-BG-004 (बल्खु छैमले कुलेखानी भैंसे) अन्तर्गत पर्ने यस पुल हेटौंडालाई संघीय राजधानी सँग जोड्ने सडकहरुको लागि मुख्य पुलको रुपमा रहेकोमा यसले हेटौंडा काठमाडौं आवतजावतमा सहजता ल्याएको छ।







२. भैसे भिमफेदी सडक अन्तर्गत पर्ने ५५ मिटर लामो "माण्डु खोला पुल" आ.व. २०८१/८२ मा सम्पन्न भएको हो।






यस स्थानमा पहिले Single Lane को अस्थायी बेलिब्रिज रहेकोमा यस Double Lane पक्की पुलको निर्माण पश्चात् हेटौंडा-काठमाडौं आवतजावत गर्ने सवारीसाधनलाई सहज भएको छ।

## प्रदेश स्थापना पछि अहिलेसम्म बनेका सडक पुलहरु

| क्र.सं. | आर्थिक वर्ष | सडक पुलहरुको संख्या |
|---|---|---|
| १. | २०७५/७६ | ९ |
| २. | २०७६/७७ | २० |
| ३. | २०७७/७८ | ९ |
| ४. | २०७८/७९ | १९ |
| ५. | २०७९/८० | २८ |
| ६. | २०८०/८१ | ३२ |
| ७. | २०८१/८२ | ३८ |
| जम्मा | | १५५ |

# बागमती प्रदेश भित्रका झो.पु.हरु निर्माणमा निर्देशनालय

आ.व. २०८१/८२ मा निर्देशनालयले बागमती प्रदेश भित्रका विभिन्न स्थानीय तहका २६ झोलुङ्गे पुलहरु सम्पन्न गर्नका लागि विभिन्न डायमिटर(१३, २६, ३२, ३६, ४० मि.मि.) का ४३,४५१ मिटर लठ्ठा तथा उक्त डायमिटर अनुरुप लाग्ने ५,३७७ पिस बुलडग ग्रीप्स तथा प्राविधिक सहयोग उपलब्ध गराएको छ।



१. भीमफेदी-२, टिलटारमा पूर्वाधार विकास कार्यालय, मकवानपुरले निर्माण गरेको १४५ मिटर लम्बाईको भीमफेदी-२, टिलटार र बेसी जोड्ने खानीखोला झोलुङ्गे पुल आ.व. २०८१/८२ मा निर्माण सम्पन्न भएको हो। यस पुलले विद्यालय, स्वास्थ्य चौकीको पहँचलाई सहज बनाउँदै टिलटार देखि बेसी रिठे सम्मका स्थानीयको आवतजावत सहज बनाएको छ।




२. मन्थली न.पा.- ३(अर्चले) र ४(गैराथोक) जोड्ने २९० मिटर लामो अर्चले गैराथोक रणजोर खोला झोलुङ्गे पुल पूर्वाधार विकास कार्यालय, रामेछापद्वारा आ.व. २०८१/८२ मा सम्पन्न भएको हो। यस पुलले मन्थली न.पा.लाई लिखु तामाकोशी गा.पा. सँग जोडी लिखु तामाकोशीको कृषि उपज मन्थली सम्म ल्याउन, तथा त्यहाँको पर्यटन प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ।


सडक पूर्वाधार बुलेटिन
Road Infrastructure Bulletin
यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको प्रकाशन
वर्ष १ अङ्क १ असोज २०८२

# बजेट विनियोजन र खर्च तथा तथ्याङ्कमा सडक पूर्वाधार


## १. आ.व. २०८१/८२ मा विनियोजन र खर्च




## २. आ.व. २०८१/८२ मा खर्च प्रतिशत



## ३. आ.व. २०७८/७९ देखि २०८१/८२ सम्म सडक पूर्वाधार तर्फ विनियोजन र खर्च




## ४. आ.व. २०७५/०७६ देखि २०८१/८२ सम्म सडक पूर्वाधार तर्फको भौतिक प्रगतिको सारांश

भौतिक प्रगतीको सारांश

| क्र.सं. | विवरण | एकाई | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | हाल सम्म कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सडक | | | | | | | | | |
| १.१ | सडक निर्माण/स्तरोन्नति/पुनःस्थापना | | | | | | | | | |
| १.१.१ | नयाँ ट्र्याक निर्माण | कि.मि. | ३९६.०० | १३९.५० | ६६.०८ | १६०.१० | २८१.९० | १०१.५० | ७७.९४ | १२२३.०२ |
| १.१.२ | ग्राभेल स्तरमा सडक स्तरोन्नति | कि.मि. | ४१.८३ | १९०.६० | १४६.४० | २००.८० | १५९.१० | ११०.०९ | १३४.८६ | ९८३.६८ |
| १.१.३ | कालोपत्रे स्तरमा सडक स्तरोन्नति | कि.मि. | ६७.५९ | १९३.३० | २३९.४० | १९०.८० | २७२.४० | १९१.८५ | १५७.५४ | १३१२.८८ |
| १.१.४ | ढलान स्तरमा सडक स्तरोन्नति | कि.मि. | ०.०० | ४०.५५ | ४०.३५ | ७३.९३ | १२८.४० | ९८.६६ | १२०.७८ | ५०२.६७ |
| १.२ | सडक मर्मत/सम्भार | | | | | | | | | |
| १.२.१ | नियमित मर्मत सम्भार (सडक हेरालु द्वारा) | कि.मि. | १२५.५० | १९५.८० | १९३.७० | १३८.२० | ३६४.३० | ४०५.०० | ५१०.६० | १९३३.१० |
| २ | सडक पुल | ओटा | ९ | २० | ९ | १९ | २८ | ३२ | ३८ | १५५ |
| ३ | झोलुंगे पुल | ओटा | ० | ० | १ | ६ | ६ | १२ | ७ | ३२ |
| ४ | झोलुंगे पुल निर्माणमा प्राविधिक सहयोग (PTAP Assistance) | ओटा | | | | | ९१ | ९९ | | १९० |

## तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु

निर्देशनालय आफैंले र अन्य संघसंस्थाहरुको सहयोगमा आ.व. २०८१/८२ मा पूर्वाधार विकास कार्यालयहरुका प्राविधिक, निर्माण व्यवसायी एवम् उपभोक्ता समितिहरुलाई समेत तालिम प्रदान गरेको छ। Procurement and Contract Management Training, Civil Engineering सँग सम्बन्धित सामाग्रीहरुको Testing गर्न ल्याब टेक्निसियनहरुको लागि अभिमुखीकरण तालिम, Basic Design Of Bridge and Design Verification, Motorable Bridge Construction Supervision Training , निर्माण व्यावसायी तथा उपभोक्ता समितिहरुलाई खरिद एवं निर्माण व्यवस्थापन सम्बन्धी अभिमूखीकरण तालिम, कर्मचारीहरुको तनाब व्यवस्थापन सम्बन्धी तालिम यसका उदाहरण हुन्।

## MLRBP and PTAP को सहयोग तथा सहकार्य

१. सडकपुल निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रदेश सरकारलाई प्राविधिक सहयोग गर्ने उद्देश्यका साथ सन् २०२० नोभेम्बर देखि २०२५ को जुन सम्म Motoroable Local Road Bridge Program(MLRBP Phase IV) ले Swiss Government को सहयोगमा यस प्रदेशमा प्राविधिक सहयोग गर्दै आएको थियो। यस Phase मा Scaling up of Bridge Construction, Research and Development, Strengthening Government Institutions र Capacity Building of Provincial Government लगायतका पक्षहरुमा जोड दिई महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन्। प्रदेश स्थापना पश्चात् यस बागमती प्रदेश सरकार मार्फत १५५ वटा सडकपुल MLRBP को प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएका छन्।

२. झोलुङ्गेपुल निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रदेश सरकारलाई प्राविधिक सहयोग गर्ने उद्देश्यका साथ सन् २०२२ सम्म TBSU ले Swiss Government को सहयोगमा यस प्रदेशमा प्राविधिक सहयोग गर्दै आएको थियो। यसको प्राविधिक सहयोगमा प्रदेश र स्थानीय तहका झोलुङ्गे पुलको निर्माण तथा व्यवस्थापनका विभिन्न पक्षहरुमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन्। सन् २०२२ पछि अघिल्लो आ.व. सम्ममा प्रदेश सरकार/नेपाल सरकारको बजेटबाट Provincial Technical Assistance Provider(PTAP) मार्फत प्रदेश र स्थानीय तहहरुलाई झोलुङ्गे पुल निर्माण तथा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्दै आइरहेको थियो।

## UTM प्रयोगशाला स्थापना

चालू आर्थिक वर्ष २०८२/८३ बाट निर्देशनालयको निर्माण सामग्री परीक्षण प्रयोगशालामा Univiersal Testing Machine(UTM) सञ्चालनको सम्पूर्ण तयारी पूरा भइसकेको छ। UTM मेशिन Swiss Agency द्वारा Motorable Local Road and Bridge Programme-IV (MLRBP-IV) मार्फत निर्देशनालयलाई प्रदान गरिएको हो। यो उपकरण विशेष गरी Rebar को Tensile Strength Testing मा अत्यन्त उपयोगी हुनेछ। साथै यस मेसिनको प्रयोगद्वारा Compressive Strength, Flexural Strength, Bending and Re-bending जस्ता अन्य Test हरु गरेर निर्माण सामग्रीको गुणस्तर सुनिश्चितता सँगै निर्माण कार्यका निम्ति डाटाहरु उपलब्ध गराउन पनि मद्दत पुग्नेछ।



